JOINT PRESS RELEASE

## संयुक्त राष्ट्रसङ्घ: सङ्क्रमणकालीन न्याय प्रक्रियाले अन्तर्राष्ट्रिय कानुनको पालना गर्नुपर्छ

काठमाडौं, २०६८ भदौ २७ - संयुक्त राष्ट्रसङ्घका आवासीय तथा मानवीय संयोजक र नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालय (उच्चायुक्तको कार्यालय)की प्रमुखले आज सार्वजनिक एउटा संयुक्त वक्तव्यमा लामो समयदेखि प्रतीक्षा गरिएका सङ्क्रमणकालीन न्याय संयन्त्रहरू स्थापना गर्ने तथा द्वन्द्वकालका दुर्व्यवहारहरूलाई सम्बोधन गर्ने सरकारको हालैको प्रतिबद्धतालाई स्वागत गर्नुभएको छ। ती संयुक्त राष्ट्रसङ्घीय अधिकारीहरूले यी विधेयकहरूलाई पारित गर्न सघाउन र अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गतका नेपालका प्रतिबद्धताका विपरीत हुने गरी कुनै पनि फौजदारी मुद्दामा क्षमादान र मुद्दा फिर्ता गर्न माग गर्ने कार्यबाट बच्न राजनीतिक दलहरूलाई आग्रह गर्नुभएको छ। यस्ता कार्यले सङ्क्रमणकालीन न्यायको वास्तविक प्रयोजन तथा विगतका अपराधका लागि जवाफदेहीताको आवश्यकताबारे विरोधाभासपूर्ण सन्देश दिनेछ।

"नेपाल शान्ति प्रक्रियामा अगाडि बढ्दा र सबल तथा स्थिर भवष्य निर्माण गर्ने आफ्ना लोकतान्त्रिक संस्थाहरूलाई सबल बनाउँदा गम्भीर अपराधका मुद्दाहरूका लागि आममाफी दिने वा मुद्दा फिर्ता लिने कार्य गर्ने माग गलत दिशातर्फको कदम हुनेछ," नेपालस्थित संयुक्त राष्ट्रसङ्घका आवासीय तथा मानवीय संयोजक रोबर्ट पाइपरले भन्नुभयो। "कानुनी शासन सङ्क्रमणकालीन न्याय प्रक्रिया तथा निर्माण भइरहेको नयाँ संवैधानिक व्यवस्थाको जग हुनुपर्ने बेलामा यसले पीडितहरूलाई न्याय अस्वीकार गर्नेछ।"

गत साता प्रस्तुत आफ्नो "तत्कालको राहत कार्यक्रम"अन्तर्गत नेपाल सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता जाँचबुझ आयोगसम्बन्धी विधेयक पारित गर्ने कार्यलाई गति दिने तथा यी दुईवटा आयोग "तुरुन्त" स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। यसले नेपालमा मानवअधिकारका लागि एउटा ऐतिहासिक कदमको प्रारम्म गर्नेछ। साथै, दण्डहीनतालाई स्वीकार गर्ने कुनै पनि राजनीतिक सम्झौताको भर्त्सना गर्ने राष्ट्रिय मानवअधिकार आयोग एवं स्थानीय र अन्तर्राष्ट्रिय मानवअधिकार सङ्गठनहरूले दोहोऱ्याएझैं यी संयन्त्रहरू अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोत्तम अभ्यासअनुसार स्थापना हुनु अत्यावश्यक छ।

"सङ्क्रमणकालीन न्याय संयन्त्रहरू स्थापना गर्ने कानुनको मस्यौदा गर्दा सत्य, न्याय र परिपूरणप्रतिको पीडितको अधिकारलाई प्रभावकारी ढङ्गले जवाफ दिन आयोगलाई अनुमति दिनु महत्त्वपूर्ण हुन्छ," उच्चायुक्तको कार्यालय...नेपालका प्रमुख ज्योति साङ्घेराले भन्नुभयो। "त्यसबाहेक, कानुनले गम्भीर मानवअधिकार उल्लङ्घन तथा बलात्कार, बलपूर्वक बेपत्ता पार्ने कार्य, यातना र गैरकानुनी हत्यालगायतका युद्धअपराधका पीडकहरूका लागि आममाफी दिने कुनै पनि उपायहरूलाई अस्वीकार गर्ने कुरामा जोड दिनुपर्छ।"

राष्ट्रिय मानवअधिकार आयोग र उच्चायुक्तको कार्यालय...नेपालद्वारा प्रस्तुत २०६८ असारको संयुक्त कानुनी राय "न्यायिक उपचार र अधिकारहरूको खारेजी: नेपालमा गम्भीर अपराधका मुद्दा फिर्ता" पढ्न तलको ठेगानामा हेर्नुहोस्:

- अङ्ग्रेजी:http://nepal.ohchr.org/en/resources/publications/2011/2011_06_23_Case_Withdrawals_for_Serious_Crimes_in_Nepal_E.pdf
- नेपाली:http://nepal.ohchr.org/en/resources/publications/2011/2011_06_23_Case_Withdrawals_for_Serious_Crimes_in_Nepal_N.pdf


Office of the United Nations Resident Coordinator, Nepal
Tel: +977 1 5523 200
Fax: +977 1 5543 723
Website: http://kathmandu.unic.org
For further information, contact
Ram Babu Shah
Ext. : 1600
Email: ram.shah@undp.org
Mobile: 98510 49851

Office of the High Commissioner for Human Rights, Nepal
Tel.: +977 1 4280164
Fax: +977 1 467 0712
Website: http://nepal.ohchr.org
For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937